


# २ पतन

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति ३:२, २ कोरन्थी ११:३, प्रकाश १२:७-९, यूहन्ना ८:४४, रोमी १६:२०, हिब्रू २:१४ र १ तिमोथी २:१४,१५।

***यस अध्यायको मूल सार पद:*** **"तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्" (उत्पत्ति ३:१५)।**

परमश्वरले हाम्रा पहिला पितामातालाई धेरै उपहारहरू दिनुभएको थियो। तर, तिनीहरूलाई उहाँले केवल एउटामात्र चेतावनी वा सतर्क गराउनुभएको थियोः "अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ" (उत्पत्ति २:१६-१७)। असल र खराबको ज्ञान दिने रूखबाट नखानु भन्ने परमेश्वरको चेतावनीसहित उर्दीले (उत्पत्ति २:१६,१७) हामीलाई यो देखाइएको छ कि तिनीहरूले असल कुरा त थाहा पाउनु नै पर्दछ तर खराब कुरा थाहा पाउनु परेको थिएन न त आवश्यकता नै थियो।

***के यस मामिला हामीले बुझ्न सक्दैनौं र?*** परमेश्वरको आज्ञालाई सरासर नमाने आदमले मृत्युको दण्ड भोग्नुपर्नेछ भन्ने (उत्पत्ति २:१७) परमेश्वरको प्रतिवद्धता पनि जारी थियोः तिनीहरू मर्नेछन् (उत्पत्ति ३:१९)। परमेश्वरको आज्ञाको सट्टा सर्प वा सैतानको कुरा सुन्दा तिनीहरूलाई जीवनको रूखबाट खानमात्र बन्देज लगाएन, तिनीहरूलाई अदनको बगैंचाबाट नै निष्कासन गरिएको थियो (उत्पत्ति ३:२४)। त्यसको फलस्वरूप तिनीहरू पापी भएको

हैशियतले तिनीहरूले पाउने अनन्त जीवन पनि खोसिएको थियो (उत्पत्ति ३:२२)। जीवनको रूखमा पुग्न नसक्नु नै तिनीहरू अजम्मरी जीवन नपाउनु थियव।

यद्यपि, त्यस दुःखद परिस्थितिमा आशाको किरण छाएको थियो, जुन उत्पत्ति ३:१५मा पाइन्छ यसलाई प्रोटोइभान्जलियुम protoevangelium वा "सुसमाचारको प्रथम प्रतिज्ञा" भनेर कहलाइन्छ। बाइबलमा पाइने सबै प्रतिज्ञाहरूमा यो पद पहिलो प्रतिज्ञा हो। मानिसको पतन भएपनि पहिलो पल्ट परमेश्वरले हामी मानव जगतलाई यो प्रतिवद्धता जनाउनुभएको थियो कि त्यस पतनबाट उम्किन हामीलाई उपाय उपलब्ध गराइएको छ।

## १. सर्प

**हव्वालाई फसाउने वास्तविक सर्प हो त? त्यस सर्पले कुन तरिका अपनाएर हव्वालाई पाप गर्न धोखा दियो? हेर्नुहोस्, उत्पत्ति ३:१ "परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?", २ कोरन्थी ११:३ "जसरी सर्पले आफ्नो चलाकीले हव्वालाई छल्यो, त्यसरी नै ख्रीष्टप्रतिका तिमीहरूको निष्कपट र चोखो भक्तिबाट तिमीहरूका विचारहरू भ्रममा पर्छन् कि भनेर मलाई डर लागेको छ।" र प्रकाश १२:७-९ "अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।"**

उत्पत्ति ३:१मा बताउन खोजेको भाषाको शैलीका यो वाक्य "सर्प" भनेर सुरु गर्छ। वाक्यको सुरुको शब्द "सर्प" भनेर किटानी गर्दा यस शब्दलाई जोर दिएको देखाउँदछ। यथार्थमा यो वाक्य यसरी सुरु गरिएको विभिन्न अनुवादहरूमा यसरी उल्लेख गरिएको छ, "सर्प, परमेश्वरले सृष्टि गर्नुभएको पशुहरूमा एकदम धुर्त वा चलाक थियो....।" "सर्प" नै भनेर सम्बोधन गर्दा यो कुनै मनगढन्ते, हावा वा आत्मिक जीव नभएर वास्तविक र पाठकले थाहा पाएको प्रख्यात जीव भनेर चित्रण गरिन्छ। यस अध्यायको

पहिलो वाक्यको पहिलो पदमै "सर्प" शब्द प्रयोग गरिएकोले त्यसको वास्तविक अस्तित्व र उसको चरित्रलाई बाइबलले स्वीकारेको पाइन्छ।

परमेश्वरको वचनमा सर्प वा अजिङ्गरलाई परमेश्वरको शत्रु भनेर चिनाइएको छ (यशैया २७:१) र अझ प्रष्टरूपमा त्यसलाई दियावलस अझ नेपाली भाषामा भन्नुपर्दा दानव र सैतान भनेर चिनाइएको छ (प्रकाश १२:९)। पौराणिक मध्यपूर्वको धार्मिक सभ्यतामा सर्पलाई दुष्टको शक्तिको प्रतिक मानिएको छ।

"आफ्नो दुष्ट कामलाई चाल नै नदेखाइकन पूरा गर्न सैतानले सर्पलाई आफ्नो माध्यमको रूपमा प्रयोग गर्‍यो। धोखा दिने लक्ष्यले सैतानको रूप धारण गर्‍यो। परमेश्वरले यस संसारमा सृष्टि गर्नुभएको सबै पशुहरूमा सर्प सबभन्दा सुन्दर र वुद्धिमानी थियो। यसको पखेटाहरू थियो, र आकाशमा उड्न सक्थ्यो (त्यसैकारण चीनमा यसलाई ड्रागन भनेर सम्बोधन गरिन्छ- अनुवादक)। जब सर्प आकाशमा उड्थ्यो तब उसको चमकले अरू जीवहरूको आँखामा तिरमिर पार्दथ्यो। त्यो उड्दा अनेकौं रङ्गीचङ्गी र चहकिलो सुनको जलप जस्तो चमक फैलाएर उड्थ्यो।"-एलेन जी ह्वाइट, पाट्र्यार्क एण्ड प्रोफेटस्, पृ. ५३बाट रूपान्तरित।

जब जुनसुकै आकारमा सैतानको बारेमा चर्चा गर्दछ, तब बाइबलले कुनै प्रतिक, सङ्केत वा मनलाई वहलाउन अलङ्कारित वा तर्साउने शब्द प्रयोग गरिएको छैन। बाइबलमा सैतान वास्तविक जीव हो, यो दिमागमा कल्पना गरेर रचिएको होइन। मानिसको दुष्टता वा खराब वा अन्धकार पक्षलाई बुझाउन अनेकौं प्रतिकहरू प्रयोग गरेर सैतानलाई काल्पनिक, मनगढन्ते र अदृश्य अस्तित्वमा बाइबलले झार्दैन।

जब हव्वाको अगाडि सर्प आउँछ, तब आफू परमेश्वरको शत्रु भनेर उनलाई चिनाउँदैन। बरू त्यसको विपरित सर्पले परमेश्वरकै वचनलाई सम्बोधन गर्दछ। उसको भनाइमा परमेश्वरको वचनलाई समर्थन जनाएको जस्तो देखाइएको छ। सुरुदेखि नै सैतानले परमेश्वरले भन्नुभएकै कुरालाई उद्धृत गर्न रुचाएको देखाउँछ। पछि हामीले देख्छौं कि येशूलाई फसाउन उसले परमेश्वरकै वचनलाई उतारेर आफू बाइबलमा खपिस वा पोख्त भएको देखाएको थियो (मत्ती ४:६)। (बाइबल जाँदैमा वा बाइबलमा सिपालु वा दक्ष भयो भन्दैमा कोही स्वर्ग जान्छ वा मुक्ति पाउँछ भनेर सैतानले पहिले मुक्ति पाउनुपर्थ्यो। परमेश्वरको राज्यमा पस्न उहाँको वचनको ज्ञानमा खपिस

हुनेमात्र होइन, त्यसलाई जीवनमा प्रयोग गरेर उतार्नु आवश्यक भएको बाइबलले घन्काउँदछ-अनुवादक)।

यो पनि ख्याल गर्नुहोस्: सर्पले स्त्रीसँग पहिले कुनै विवाद गर्दैन। तर उसले आफ्नो प्रश्न यस्तरी स्त्रीको सामु राख्दछ कि परमेश्वरले तिनीहरूलाई जे निर्देशन दिनुभयो त्यो आफूले पनि विश्वास गरेको छ भनेर देखाउन खोज्छ। "के परमेश्वरले बगैंचाको कुनै पनि रुखको फल नखानु भन्नुभएको छ?" (उत्पत्ति ३:१)। त्यसको अर्थ उसलाई थाहा थियो कुन रूखको फल नखानु भनेर परमेश्वरले आज्ञा गर्नुभएको थियो। यसरी सुरुदेखिनै सर्प कस्तो धुर्त, चलाक र धोखेवाज थियो भनेर देखाउँछ। साँच्चिकै, उसको छल र चलाखीले कसरी काम गरेछ भनेर हामीले अगाडि हेर्नेछौं।

**पापरहित हव्वालाई सुन्दर बगैंचामा सैतानले फसाउन सफल भयो भने, हामीलाई फसाउन त झन कस्तो खपिस वा शिपालु छ भन्ने कुरामा हामी सजग हुनु हुँदैन र? सैतानको छल, चलाखीपन र हामीलाई फसाउने अनेकौं उपायहरूबाट जोगिन हामी के गर्नुपर्दछ?**

## २. निषेध गरिएको फल

**यूहन्ना ८:४४समेत गरेर देहायका पदहरू पढ्नुहोस्। आदमलाई दिएको परमेश्वरको आदेशको बोलि र हव्वालाई बोलेको सर्पको बोलिमा के फरक छ, र ती फरक बोलिहरूको अर्थ के हो? हेर्नुहोस्, उत्पत्ति २:१६,१७ "अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ।" र यूहन्ना ८:४४ "तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो।"**

परमेश्वरले आदमसँग बोल्नुभएको बोलि (उत्पत्ति २:१६,१७) र सर्पले हव्वासँग बोलेको बोलिलाई दाँजेर हेर्नुहोस्। त्यसबखत सर्पले परमेश्वरको ठाउँ लिएको आभास् दिन्छ र आफू परमेश्वरभन्दा धेरै जान्ने भएको भनेर हव्वालाई देखाउन चाहेको थियो। पहिले त सर्पले केवल

प्रश्नमात्र सोधेको थियो। त्यो प्रश्नमा हव्वालाई यो भन्न खोजिएको थियो कि सायद हव्वाले परमेश्वरको वचनलाई गलत सम्झेकी होलिन्। अनि, सैतानले खुलेआम तरिकाले परमेश्वरको नियतप्रति शङ्का उठाउँछ साथै उहाँको बोलिसँग आफू असहमत भएको वा बाझिएको भनेर देखाउँछ, अर्थात् परमेश्वरको कुरा उसले काट्दछ।

परमेश्वरको वचनप्रति सैतानले गरेको आक्रमणमा दुई विषयबस्तुहरूप्रति ध्यान दिनु जरुरी छ। ती विषयबस्तुहरू हुन्: मृत्यु र असल र खराबको ज्ञान। निषेधित फल खायो भने आदम मर्नेछ भनेर परमेश्वरले ठोकुवा गर्नुभएतापनि (उत्पत्ति ३:४), सैतानले उहाँको कुरा काटेर तिनीहरू मर्ने छैन भनेर परमेश्वरको बिपरित बचन बोल्दछ। त्यसको अर्थ, सैतानले मानव प्राणी अमर छ वा कहिल्यै मर्दैन भनेर आदम र हव्वालाई विश्वस्त गर्न खोजेको थियो (उत्पत्ति ३:४)। परमेश्वरले आदमलाई फल नखानु भनेर निर्देशन दिनुभएको थियो (उत्पत्ति २:१७), तर सैतानले तिनीहरूलाई फल खाऊ भनेर उक्साएको थियो। यदि तिनीहरूले त्यो फल खायो भने तिनीहरू परमेश्वर जस्तै हुनेछन् रे (उत्पत्ति ३:५)। (यो कुतूहल छ कि प्रायजसो सबै अनुवादहरूमा "परमेश्वर" भनेर अनुवाद गरिएको छ भने केवल किङ्ग जेम्सको अनुवादमा "भगवानहरू" भनेर उल्लेख गरिएको छ। त्यसबेला दुवै आदम र हव्वाको उपस्थिति रूखनिर भएकोले सैतानले दुवै जनालाई देवी देवता हुनेछन् भनेर लोभ्याएको आभास् दिन्छ-अनुवादक)।

कहिल्यै नमर्ने वा अमर हुने र परमेश्वर जस्तै हुने सैतानको तर्कले हव्वालाई त्यो फल खाउँ खाउँ गर्न लगाएको थियो। यो दुःख लाग्दो वा उदेक लाग्दो छ कि जब स्त्रीले परमेश्वरको कुरा नमान्ने निर्णय गरिन् र निषेधित फल खाइन् तब त्यस बेला तिनीहरूको माझमा परमेश्वरको उपस्थिति नभएको जस्तो आचरण देखाएकी थिइन्। अझ भनौं भने उनी परमेश्वरको ठाउँमा आफै परमेश्वर वा देवता वा देवी बन्ने स्थितिमा पुऱ्याएकी थिइन्। परमेश्वरको व्यक्तित्वको ठाउँमा मानिस भगवान हुने व्यक्तित्वलाई बाइबलले आभास् दिएको छ। हव्वाले परमेश्वरकै बोलि प्रयोग गरेकी थिइन्: जब हव्वाले निषेधित फल देखिन् र त्यसको मूल्याङ्कन गरिन्, "तब त्यो असल थियो" (उत्पत्ति ३:६), जुन वचन परमेश्वरले आफ्नो सृष्टिपछि सृष्टिलाई मूल्याङ्कन गर्दै भन्नुभएको थियो, "यो... असल थियो" (उत्पत्ति १:४ आदि)।

मानिस अमर छ र मानिस भगवान हो भन्ने सैतानले मानव प्राणीमा राखिदिएको गलत धारणा पौराणिक इजिप्ट र ग्रीक धर्मको जग नै हो (साथै हिन्दु धर्मको केन्द्रविन्दु नै हो-अनुवादक)। अमरत्व जुन् परमेश्वरको स्वभाव वा गुण हो त्यो आफूले चाहेकोले यो देखाएको थियो कि तिनीहरू परमेश्वर सरह हुन चाहना गरेको। त्यसको अर्थ परमेश्वर जस्तै आफू कहिल्यै नमर्ने वा अमर हुने बरदानको लालचा आदम र हव्वाले गरेका थिए। यो धारणा लुकिछिपी यहूदी-इसाईहरूमा भित्रीएको छ। यसले गर्दा इसाई चर्चहरूमा विभिन्न तरिकाले आत्मा अमर छ, मानिसको शरीर मरेपनि उसको आत्मा मर्दैन भन्ने विश्वास प्रायजसो धेरै चर्चहरूले सिकाउँदछन्।

**हामी सबैमा अमरत्व छ भन्ने सिकाइएको विश्वासको बारेमा सोच्नुहोस्। हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामीमा भएको मानव स्वभाव र मानिस मरेपछि के हुन्छ भन्ने विद्याले विभिन्न धर्म, दर्शन र चर्चहरूले नै सिकाइरहेको मानिस अमर छ भन्ने सैतानको खतरापूर्ण जालोबाट हामीलाई कसरी सुरक्षित राख्दछ?**

## ३. परमेश्वरबाट लुक्नु

**निषेधित फल खाएपछि आदम र हव्वा परमेश्वरको सामु लुक्नुपर्छ भन्ने अनुभव किन गरेका थिए? परमेश्वर आफैले आदमलाई "तिमी कहाँ छौं?" भनेर किन सोध्नुभयो? आफूले गरेको गल्तीबाट बच्न आदम र हव्वाले कस्तो जवाफ परमेश्वरलाई दिए? हेर्नुहोस्, उत्पत्ति ३:७-१३ "अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए। अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तिमी कहाँ छौ?"**

**१० उनले भने, "मैले तपाईंको सोर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।" ११ उहाँले सोध्नुभयो, "तिमी नाङ्गै छौ भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तिमीलाई आज्ञा दिएको थिएँ के तिमीले त्यो खायौ?" १२ मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।" १३**

**अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तिमीले यो के गऱ्यौ।" स्त्रीले भनिन्, "सर्पले मलाई छल गऱ्यो, र मैले त्यो खाएँ।"**

पाप गरेपछि, दुवै आदम र हव्वाले आफूहरू नाङ्गो भएको अनुभव गरे। परमेश्वरको उपस्थित भएको प्रतिबिम्बित महिमाको वस्त्र तिनीहरूले गुमाएको थियो (हेर्नुहोस् भजन ८:५ "तपाईंले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ।" र भजन १०४:१,२ "ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर्। हे परमप्रभु मेरा परमेश्वर, तपाईं अति महान् हुनुहुन्छ। तपाईं वैभव र ऐश्वर्यमा विभूषित हुनुहुन्छ। उहाँले प्रकाशलाई पोशाकझैं पहिरनुभएको छ, उहाँले आकाशलाई पालजस्तै टाँग्नुभएको छ")।

पापले गर्दा आदम र हव्वामा भएको परमेश्वरको स्वरूप वा प्रतिरूपलाई असर परेको थियो। तिनीहरूले आफूहरूको नाङ्गोपनालाई ढाक्न अञ्जिरका पातहरू गाँसेर वस्त्र बनाए (उत्पत्ति ३:७)। यो "बनाउनु" भन्ने शब्द केवल सृष्टिकर्ता परमेश्वरलाईमात्र प्रयोग गरिएको थियो (उत्पत्ति १:७,१६,२५ आदि)। तिनीहरूले आफ्नो पाप ढाक्न पातको वस्त्र बनाएर छोपे भन्दा तिनीहरूलाई अब परमेश्वरको आवश्यकता भएन आफूहरू नै भगवान हो र पापको मोचनको निम्ति तिनीहरू आफैले प्रयास गर्द सकिन्छ। यस खालको क्रियाकलापलाई पावलले धर्मकर्म वा कामद्वारा मुक्ति पाउने प्रयास हो भनेर त्यसको विरीध जनाएका थिए (गलाती २:१६)।

जब परमेश्वर तिनीहरूकहाँ "तिमी कहाँ छौं?" (उत्पत्ति ३:९) भनेर सोध्नुभयो, त्यही प्रश्न कैयनलाई हाबिलको बारेमा पनि सोध्नुभएको थियो (उत्पत्ति ४:९)। परमेश्वर सर्वज्ञानी हुनुहुन्छ, त्यसकारण ती प्रश्नहरूको जवाफ त उनलाई थाहा थियो नै। त्यो प्रश्न दोषी मानिसकै फाइदाको निम्ति गरिएको थियो। तिनीहरूले के गरे सो गल्ती गरे भनेर महुसुस गराउन नै त्यो प्रश्न परमेश्वरले तिनीहरूलाई गर्नुभएको थियो। आफूले गरेको भूललाई स्वीकारोस्, पश्चाताप गरोस् र मुक्ति पाओस् भन्ने परमेश्वरको चाहना थियो। त्यसैबेलादेखि मानव जगतले पाप गरे र तिनीहरूको उद्धार र मुक्तिको निम्ति परमेश्वरले आफ्नो प्रयास गर्नुभएको थियो र सो प्रयास जारी छ।

अझ त्यसबेला जे देखियो, त्यसले छानबिनको न्यायको धारणालाई प्रतिबिम्बित गरेको थियो (जुन सेभेन्थ-डे एडभेन्टस्टले सिकाउने उल्लेखनीय विद्याहरूमा एक प्रमुख हो-अनुवादक)। परमेश्वर न्यायकर्ता हुनुभएको थियो र

दोषीलाई प्रश्न गर्नुभएको थियो (उत्पत्ति ३:९) ताकि आफ्नो दोषको दण्डको निम्ति तिनीहरू तयार होउन् (उत्पत्ति ३:१४-१९)। तर त्यसमा पश्चाताप गर्ने अवसर पनि दिइएको थियो, जसले गर्दा तिनीहरू मुक्तितिर लम्किन सकुन् (उत्पत्ति ३:१५)। मानव प्राणीलाई मुक्तिदिने परमेश्वरको मूख्य आशय बाइबलभरी नै हामी पाउँछौं।

परमेश्वरले दोष लगाउनुभएको प्रश्नको जवाफ सबै पापीहरूले त्यस्तै खालको जवाफ दिन्छ, अर्थात् दोष अरूलाई थुपार्ने प्रवृत्ति। जब परमेश्वरले आदमलाई सोध्नुभयो त उनले स्त्रीलाई दोष दिए जो उहाँले नै उनलाई दिनुभएको थियो (उत्पत्ति ३:१२)। वास्तविकरूपमा भन्ने हो भने हव्वाको दोष हो जसलाई परमेश्वरले दिनुभयो, वा हव्वालाई आफूलाई दिनुभएकोमा परमेश्‍वरको पनि दोष हो भनेर आफ्नो होइन भनेर भन्न चाहेका थिए। सर्पले आफूलाई धोखा दियो भनेर हव्वाले पनि जवाफ दिन्छिन्। यो धोखा दियो वा छल गऱ्यो भन्ने शब्द हिब्रू भाषामा नाशा nasha हो (उत्पत्ति ३:१३)। त्यसको अर्थ मानिसहरूले जे गऱ्यो त्यो ठिकै थियो भनेर विश्वस्त गराउँदै झुटो आशाहरू दिने प्रवृत्ति हो (यस मामिलामा देहायका पदहरूले देखाउँदछ २ राजा १९:१०, यशैया ३७:१०, यर्मिया ४९:१६)।

आफूलाई स्त्रीले फल दिइन् भनेर आदमले हव्वालाई दोष लगाए (केही हदमा सत्य नै भएतापनि), र हव्वाले सर्पलाई दोष लगाउँदै उसले नै धोखा दियो वा छल गऱ्यो (केही हदमा त्यो पनि सत्य नै हो) भनेर आफ्नो दोष पन्छाउन खोजेकी थिइन्। तर, जेभएतापनि आखिरमा परमेश्वरको आज्ञा नमान्दा तिनीहरू दुवै दोषी थिए।

**आफूले गल्ती काम गरे वा गलत बाटोमा हिँडे अरूहरूलाई दोष दिने हाम्रो बानीको बारेमा सोच्नुहोस्। यस खालको धरापमा हामी कसरी सजिलैसँग पर्न सक्छौं?**

## ४. सर्पले भोग्नुपरेको निर्णायक स्थिति

**"तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्" (उत्पत्ति ३:१५)। सर्परूपी सैतानलाई प्रभुले यहाँ के भन्नुभएको थियो जसले गर्दा हामी सबैको निम्ति आशाको किरण चम्काइ दिएको छ?**

सर्पलाई नै सम्बोधन गरेर उसलाई फैसला सुनाउनुभएर परमेश्वरले आफ्नो आक्रोस पोख्दै आफ्नो भनाइ राख्नुहुन्छ किनकि पापको सारा नाटक उसबाट नै सुरु भएको थियो। सृष्टिपछि पतनको दृश्यमा सर्पमात्र पहिलो जीव थियो जसले श्राप खप्नुपरेको थियो।

यहाँ हामीले केही हदमा सृष्टिको लक्षलाई विपरित दिशामा फर्काइएको देख्छौं। सृष्टिको लक्ष सबैलाई जीवन दिने थियो, असल थोकहरूको सराहना गर्ने थियो र आशिषहरूले भरिपूर्ण हुने थियो, तर पापले गर्दा न्याय गर्नुपर्ने वातावरण बनियो जहाँ मृत्यु, खराब वा दुष्टता र श्रापहरू थुपर्नुपर्‍यो। यद्यपि, पापले नाश भएको सृष्टि एकदिन फेरि पहिलेकै अवस्थामा पुग्नेछ अर्थात् मुक्तिको प्रतिज्ञा र आशाको किरण परमेश्वरले सर्पलाई दिनुभएको श्रापमा छाएको हामी पाउँछौं। श्रापमा परेर सर्पले धुलो खानुपर्ने खिन्न चित्रण (उत्पत्ति ३:१४) कोरिएपनि मानव जगतलाई मुक्तिको आशा त्यहाँ चम्किएको थियो जुन भविष्यवाणीको रूपमा खडा भएको थियो। आदम र हव्वालाई श्राप दिनुभन्दा पहिले नै तिनीहरूलाई मुक्तिको आशा दिइएको थियो (उत्पत्ति ३:१५)। हो, तिनीहरूले पाप गरे, परमेश्वरको निर्देशनलाई वेवास्ता गरे; तिनीहरूको पापले गर्दा तिनीहरूले दुःख पाउनुपर्ने भयो; र, तिनीहरू मर्नुपर्ने पनि भयो। तर, ती सबै थोकको बावजुद पनि, आखिरमा तिनीहरूलाई आशा दिइएको थियो, मुक्तिको आशा।

**देहायका पदहरूमा मुक्तिको योजना साथै परमेश्वर र सैतानको बीचमा भएको महान् द्वन्द्व वा संघर्षलाई कसरी उजागर गरेको छ? ती पदहरूलाई उत्पत्ति ३:१५सँग तुलना गर्नुहोस्। रोमी १६:२० "शान्तिका परमेश्वरले चाँडै नै शैतानलाई तिमीहरूका खुट्टामुनि कुल्चनुहुनेछ। हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूसँग रहोस्।", हिब्रू २:१४-१८ "किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन्। किनकि साँच्चै नै उहाँले स्वर्गदूतहरूको होइन, तर अब्राहामका सन्तानको वास्ता गर्नुहुन्छ। यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो। किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ।"**

र प्रकाश १२:१७ "अनि त्यो अजिङ्गर त्यस स्त्रीसँग रिसायो,अनि परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशू ख्रीष्टको गवाही कायम राख्ने उसका बाँकी सन्तानसँग लडाईं गर्न हिँड्यो" (किङ्ग जेम्स, अरू अङ्ग्रेजी र हिब्रूमा उपर्युक्त कथन जारी राखिएतापनि नेपाली बाइबल सोसाइटीले अनुवाद गरिएको नेपाली बाइबलमा प्रकाश १२:१७ योमात्र लेखिएको छ, "अनि त्यो अजिङ्गर समुद्रको किनारमा खड़ा भयो।"-अनुवादक)।

उत्पत्ति ३:१५ र प्रकाश १२:१७मा देखिएको समानान्तर वाक्य हेर्नुहोस्: अजिङ्गर (सर्प)को सन्तानको बीचमा; अदनको बगैंचामा भएको स्त्रीसँग र प्रकाश १२:१७को स्त्रीसँग **सर्प** वा अजिङ्गर क्रोधित भएको वा शत्रुता राखिएको। जुन युद्ध वा महान् वैचारिक द्वन्द्ध वा सैतानले परमेश्वरको वचनको प्रतिवाद गरेको अदनको बगैंचामा सुरु भएको थियो जसको फलस्वरूप आदम र हव्वाको पतन भएको थियो, त्यो परिवेश युगको अन्त्यसम्म जारी रहनेछ। तर, सैतानको हार्ने प्रतिज्ञा अदनको बगैंचामा नै दिइएको थियो। आखिरमा, सैतानको शिर कसरी कुल्चिने छ भने प्रकाश २०:१०मा यसरी स्पष्टरूपमा जनाइएको छ, "तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए।" त्यसको अर्थ, पाप सुरुभएदेखि नै, मानिसहरूमा भएको खराबीको ज्ञानले गर्दा ल्याएको तिनीहरूलाई र पृथ्वीलाई भयानकतरिकाले तहसनहस गर्ने वातावरणको अन्त्य हुनेछ। यो आशा हामी सबैमा पलाई रहेको छ र त्यो आशा हामी सबैसँग बाँड्न सक्नु आवश्यकता छ।

**पाप, दुष्टता वा खराब, यस पृथ्वीमा सुरु भएको अदनको बगैंचाको स्थानबाट नै परमेश्वरले मुक्तिको योजना प्रकट गर्नुभएको थियो भन्ने आत्मज्ञानले हामीलाई किन सान्त्वना दिँदछ?**

## ५. मानिसको भविष्य

**परमेश्वरको वचन सुन्नुको सट्टा आदम र हव्वाले सर्प वा सैतानको कुरो सुन्ने तिनीहरूले आत्मनिर्णय गर्दा तिनीहरू पापमा फसे। सर्प त श्रापी भयो, तर, आदम र हव्वालाई पनि के भयो? हेर्नुहोस्, उत्पत्ति ३:१५-२४ "तब परमेश्वरले सर्पलाई भन्नुभयो, "तैंले यसो गरेको हुनाले, "तँ सबै पालिने पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिँड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्। तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको**

सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" स्त्रीलाई उहाँले भन्नुभयो, "तिम्रो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु। दुःखसँग तिमीले बालक जन्माउनेछौ। तिम्रो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तिमीलाई अधीनमा राख्नेछ।" त्यसपछि आदमलाई उहाँले भन्नुभयो, "तिमीले तिम्री पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, "भूमि तिम्रो कारण श्रापित भएको छ। तिम्रो जीवनभरि दुःखसँग त्यसको उब्जनी तिमीले खानेछौ। त्यसले तिम्रो निम्ति काँढ़ा र सिउँड़ीहरू उमार्नेछ, र तिमीले खेतको सागपात खानेछौ। माटोमा नफर्कुञ्जेल तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानेछौ। किनकि माटैबाट तिमी निकालिएको थियौ। तिमी माटै हो र माटैमा फर्किजानेछौ।" आदमले आफ्नी पत्नीको नाउँ हव्वा राखे, किनभने सबै जीवितहरूकी आमा तिनी नै हुन्। परमप्रभु परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका लुगा बनाई तिनीहरूलाई लगाइदिनुभयो। तब परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस हामीजस्तै असल र खराबको ज्ञान जान्ने भएको छ। अब त्यसले जीवनको रूखको फल पनि टिपेर खान नपाओस्, नत्रभने त्यो सधैंभरि जीवित रहला।" यसैकारण जुन भूमिबाट उनी बनाइएका थिए, त्यसैको खेतीकिसानी गर्न परमप्रभु परमेश्वरले उनलाई अदनको बगैंचाबाट निकालिदिनुभयो। उहाँले मानिसलाई धपाइदिनुभएपछि जीवनको रूखतर्फको बाटो पहरा गर्नलाई उहाँले अदनका बगैंचाको पूर्वपट्टि करूबहरू र चारैतिर घुमिरहने ज्वालामय तरवार राखिदिनुभयो" (उत्पत्ति ३:१४-२४)।

परमेश्वरले सर्पमाथि उच्चारण गर्नुभएको फैसलालाई श्राप भनेर नै तोकिएको थियो (उत्पत्ति ३:१४), तर आदम र हव्वाको मामिलामाचाहिँ श्राप भनेर फैसला गरिएको थिएन। "श्राप" भन्ने सर्पको मामिलामा प्रयोग गरिएपछि त्यही शब्द "भूमि"को लागि पनि प्रयोग गरिएको थियो (उत्पत्ति ३:१७)। सर्पमाथि न्याय खनाएको बिपरित नर र नारीको निम्ति परमेश्वरको अर्कै योजना थियो। तिनीहरूलाई जुन आशा उपलब्ध गराइएको थियो त्यो सर्प वा सैतानलाई थिएन।

सर्पकै मिलोमत्तोमा स्त्रीले पाप गरेकी हुनाले उनीमाथि उच्चारण गरेको फैसला सर्पसँगै सम्बन्धित थियो। उत्पत्ति ३:१५को लगत्तै उत्पत्ति ३:१६आउँछ जहाँ उत्पत्ति ३:१५मा उच्चारण गरेको मसीहको भविष्यवाणीसँग मिलाइएको छ। ती दुवै पदहरूमा दुईवटा भविष्यवाणीहरू उल्लेख

गरिएकाछन्। बालक जन्मिन्दा स्त्रीले सहनुपर्ने महाकष्टलाई मुक्तिको सकारात्मक पक्षलाई बुझ्नुपर्दछ (यस मामिलामा पावलले १ तिमोथी २:१४,१५मा व्यक्त गरेको भनाइलाई ध्यान दिनु जरुरी छः "आदम छलिएका होइनन्, तर स्त्रीचाहिँ छलिएर अपराधमा फसेकी हुन्। तरै पनि, यदि तिनी सुशीलतासाथ विश्वास, प्रेम र पवित्रतामा रहिन् भने, बालक जन्ममा तिनी बचाइनेछिन्)।

परमेश्वरको वचनप्रति ध्यान दिनुको सट्टा आदमले स्त्रीको कुरा सुनेको हुनाले मानिसलाई सुम्पिएको जमिन श्रापित भएको थियो (उत्पत्ति ३:१७-१९)। त्यसको अर्थ मानिसले परिश्रम गर्नु जरुरी थियो (उत्पत्ति ३:१७-१९), र पछि जुन जमिनबाट मानिसको सृष्टि भएको थियो त्यही जमिनमा ऊ फर्किनेछ (उत्पत्ति ३:१९)। मानिस भूमिको माटोबाट सृष्टिभएपछि फेरि भूमिमै फर्कुन् भन्ने परमेश्वरको चाहना कहिल्यै पनि थिएन। यो परमेश्वरको सृष्टिको सुरुको योजना थिएन (उहाँले त "तिनीहरूलाई आशिष् दिनुभएको थियो, र तिनीहरूलाई भन्नुभएको थियो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर", तर कहिल्ये पनि मर्नुपर्छ भन्नुभएको थिएन (उत्पत्ति १:२८) अनुवादकको थप)।

आदमको मृत्यु हुनुपर्ने निराशाको परिवेशमा स्त्रीले जन्मदिने सन्तानबाट दिइने जीवनको प्रतिज्ञामा आशा छाएको (उत्पत्ति ३:२०) महत्त्वपूर्ण मान्नुपर्दछ। त्यसको अर्थ, आफू मर्नुपर्नेछ भन्ने फैसलाको बीचमा पनि आदमले जीवनको आशा देख्न सकेका थिए। तर जैभएतापनि, कुनै पनि मायालु र कोमल बाबुआमाको इच्छा जस्तै आदम र हव्वाको असलमात्र परमेश्वरले चाहनुभएको थियो। तिनीहरूका कुनै खराबीको चाहना गर्नुभएको थिएन न तिनीहरूले खराबको ज्ञान हासिल गरोस् भन्ने उहाँको चाहना थियो। पाप र खराबबाट मानिसहरूलाई मुक्त गर्न परमेश्वरले सबै प्रयास गर्ने उहाँको योजना थियो। त्यसकारण, तिनीहरूले परमेश्वरसँग खुलेआम विद्रोह गरेर उहाँको आज्ञा उलङ्घन गर्दा तिनीहरूमाथि उच्चारण गरिएको कठोर देखिने फैसलाको बीचमा पनि सबै आशा हराएको थिएन; तिनीहरू अदनको बगैंचामा स्वर्गको आनन्दको उपभोग गरिरहेका थिए। तिनीहरूले परमेश्वरको बारेमा शङ्का गर्नुपर्ने केही कारण थिएन, उहाँको वचनमा असहमत वा सन्देह गर्नुपर्ने केही कारण थिएन, न त तिनीहरूमाथि उहाँको प्रेमप्रति शङ्का।

**कतिपय समयमा "ज्ञान विज्ञान, दर्शन" आदि थाहा पाउनु असल हो भनेर हामी ठान्दछौं, तर त्यो सधैं असल हुनुपर्छ भन्ने किन छैन? कतिपय कुराहरू थाहा नै नपाउनु किन असल छ?**

## उपसंहार:

"जीवनको रूख" र "असल र खराबको ज्ञान दिने रूख"को बीचमा के सम्बन्ध छ, सो सोच्नुहोस्। "बगैंचाको बीचमा" (उत्पत्ति २:९) ती रूखहरू भएकै कारणले ती दुई रूखहरूको बीचको सम्बन्ध कस्तो थियो वा ती दुई रूखहरू त्यहाँ राखिएको कारण के थियो। तर, दुई रूखहरूको बीचमा भौगोलिक दुरी भन्दा अर्कै अर्थपूर्ण कारण छ। असल र खराबको ज्ञान दिने रूखबाटै तिनीहरूले फल खाएर परमेश्वरको आज्ञा वा निर्देशनलाई अवज्ञा गरेको कारणले तिनीहरू जीवनको रूखबाट टाढा भए र तिनीहरू अमर रहने, कमसेकम त्यस अवस्थामा। यस सम्बन्धमा अत्यन्तै उल्लेखनीय नीति गाँसिएको छ। मानिसको नैतिक र आत्मिक निर्णयले बनस्पति (पर्यावरण) र जीवविज्ञानको जीवन शैलीमा ठूलो प्रभाव पार्दछ। आफ्नो छोरोलाई राजा सोलोमनले यो अर्ती दिन्छन्, "हे मेरो छोरो, मेरो शिक्षालाई नभुल्, तर मेरा आज्ञाहरू आफ्नो हृदयमा लुकाइराख्। किनभने तिनले तिमीलाई दीर्घायु बनाउनेछन् र तिम्रो लागि सम्पन्नता ल्याउनेछन् वा तिम्रो फलिफाप हुनेछ" (हितोपदेश ३:१-२)। जीवनको रूखको बारेमा भविष्यको स्वर्गीय यरुशलेममा फेरि देखापरेको हामी पाउँछौं। यो "सडकको बीचमा" हुनेछ भनेर प्रकाश २२:२मा उल्लेख गरिएको छ।

"जब परमेश्वरले हव्वालाई सृष्टि गर्नुभयो, तब उनी पुरुषभन्दा तल्लो दर्जा वा स्थानमा न त माथिल्लो दर्जा वा स्थानमा होस् भनेर सृजिएको थिएन, तर सबै थोकहरूमा उनी बराबरी हुने किसिमले सृजिएको थियो। आआफ्नै स्वतन्त्र चासो हुने गरेर पवित्र दम्पत्ति सृष्टि भएको थिएन; तैपनि दुवैको कामक्रियाकलाप र सोचमा आआफ्नै व्यक्तित्व थियो। हव्वाले पाप गरेपछि, किनभने सबभन्दा पहिला पाप उनले गरेकी थिइन्, उनीमाथि आदमको प्रभुत्त्व हुनेछ भनेर प्रभुले भन्नुभएको थियो। उनी आफ्नो श्रीमानको अधिनमा बस्नु परेको थियो, र यो श्रापको एक भाग थियो। यस श्रापले गर्दा महिलाहरूको जीवन धेरै पीडादायी, भार र दयनीय भएको धेरै दुःखलाग्दो घट्नाहरू भइरहेको छ। महिलाप्रति प्रभुत्व जमाउने अधिकार जुन परमेश्वरले दिनुभयो,

त्यसलाई पुरुष जातिले धेरै किसिमले दुरुपयोग गरिरहेका छन्। महिलामाथि निरङ्कुस वा मनपरी  अधिकार जमाउने इजाजत पुरुषले पाएको जस्तो देखिन्छ। परमेश्वरको अनन्त र असिमित बुद्धिज्ञानले मुक्तिको योजना तर्जुमा गरेको छ। त्यस मुक्तिको योजनामा रहिरहनेहरूलाई स्त्री र पुरुषको बीचमा बराबरी सम्बन्ध राख्ने नीति अपनाउन परमेश्वरले अहिले नै दोस्रो अवसर दिनुभएको छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ३, ४८४बाट रूपान्तरित।

**चिन्तनमनन:**


अ. **बगैँचामा आदमलाई प्रश्नहरू सोधेर उनलाई आफ्नो दोष देखाउनमात्र होइन तर उनले आफ्नो दोषलाई स्वीकार गरुन् र पश्चाताप गरुन् भन्ने हेतुले ती प्रश्नहरू परमेश्वरले सोध्नुभएको थियो। यही किसिमको आशय कैयनको (उत्पत्ति ४:९,१०), जलप्रलयमा (उत्पत्ति ६:५-८), बाबेलको धरहरामा (उत्पत्ति ११:५), र सोडोम र गमोरामा (उत्पत्ति १८:२१) देखापरेको थियो। छानिबिनको न्याय भन्ने सेभेन्थ-डे एडभेन्टिस्टहरूले पत्ता लगाएको ज्ञानमा त्यो तर्क कसरी प्रकट भएको छ?**

आ. **असल र खराबको रूखको फल खान्दा आफू बुद्धिमती हुनेछिन् भनेर हव्वाले किन सोचिन् होला? परमेश्वरले हामीलाई उपलब्ध गराउनुभएको थोकभन्दा अझ असल पाउने चाहना हामीमा भएको प्रवृत्तिबाट जोग्न र हव्वाले गरेको जस्तै भूल नगर्न हामी कसरी जोग्ने? अर्थात्, परमेश्वरको वचनलाई खुलेआम अश्वीकार गरेर अन्त अन्तै लाग्नुबाट हामी कसरी सतर्क हुने?**

कथा २

## म मरेको मानिस हुँ, भाग १

अल्फरेड सी. माचोना, जिम्बाबे



क्रिस्टमासको दुई दिन अघि सडक दुर्घटनामा म परेको थिएँ। म त मर्नुपर्ने थियो। डिसेम्बर २३, म र मेरी श्रीमती फर्च्युनेट जिम्बाबेको राजधानी हरारेबाट हाम्रा छोराछोरीहरूको हजुरबुबा र हजुरआमाको अर्कै सहरको घरमा जाँदै थियौं। जब हामी सडकमा कार हाँक्दै थियौं त्यसबेला धेरै मानिसहरू बाटोको छेऊमा उभिरहेका र हामीसँग जान हात उठाउँदै थिए। क्रिस्टमासको भिँडले गर्दा बसहरूमा यात्रुहरू तन्न थिए। अनि छुट्टी मनाउन आआफ्नो घर जान मानिसहरू उत्सुक थिए। बाटोमा एक जना चिनेको महिलालाई हामीले देख्यौं र उनलाई लान कार रोक्यौं। त्यसपछि एक जना पुरुष र महिला पनि हामीसँग जान अनुरोध गरे। तिनीहरूलाई हामीले चिनेका थिएनौं। तिनीहरूको चिन्तित अनुहारले गर्दा तिनीहरूलाई पनि हामीले कारमा चढायौं। कारको पछाडि तीन जना बसेका थिए। हामी पाँचै जना सडकमा डगुर्‍यौं।

अनि केही समयपछि सबै थोक अन्धकार भयो। मेरो सिटबेल्ट धेरै कस्सिएको मैले अनुभव गरें। रातको समय थियो। मैले केही परबाट मधुर आवाजहरू सुनें। केही भयानक कुरो भयो भनेर मैले महसुस गरें। मेरो कार हल्लिरहेको थाहा पाएँ। अनि मैले आम्बुलेन्स वा पुलिसको कारकोः साइरन ठूलो स्वरले बजेको सुनें। एक छिनपछि मलाई कारबाट निकालेर आम्बुलेन्समा हालेको थाहा पाएँ।मैले कसलाई बोलाउनुपर्छ भनेर नर्सले मलाई सोधिन्। अनि मलाई के भयो भनेर उनलाई सोधें। "तपाईं दुर्घट्नामा पर्नुभयो," भनेर उनले जवाफ दिइन्। चर्च पास्टर र चर्च एल्डर दुई जनाको नाउँ उनलाई दिएँ। अस्पतालमा पास्टर आएपछि तुरन्तै बोले, "तपाईंलाई हरारेको अस्पतालमा तुरन्तै लैजान्दैछौं।" उनले मेरी श्रीमती फर्च्युनेटलाई कहाँ छ भनेर नर्सलाई सोधे। हाम्रो कारको पछाडि आइरहेको अर्को कारले उनलाई र अर्को दुई यात्रुहरूलाई अर्को अस्पतालमा छन् भनेर नर्सले भनिन्। मेरी श्रीमती गम्भिररूपमा आन्तरिक रगत बगेर कष्ट पाइरहेकी छिन् भनेर त्यस नर्सले सुनाइन्। म जाने अस्पतालमा उनलाई पनि ल्याउन पास्टरले नर्सलाई अनुरोध

**गरे। दुई वटा आम्बुलेन्स ल्याइयो। मलाई र मेरी श्रीमतीलाई हरारेको अस्पतालमा कुदाए। मलाई अस्पतालबाट बाहिर निकालेकोमात्र थाहा पाएँ, त्यसपछि मलाई** के भयो सो थाहा पाइँन। डिसेम्बर २४ र २५मा फोर्च्युनेट र मैले तीन शल्यक्रिया गर्नु पऱ्यो। सिटबेल्टले पेटमा घुस्दा मेरी श्रीमती मरसान्न घाइटे भएकी थिइन्। डाक्टरहरूले १६ इन्च सानो आन्द्रा निकाले। उनको बायाँ हात र बायाँ खुट्टा पनि धेरै नराम्रोसँग चोट लागेको थियो। डाक्टरहरूले धातु किलाहरू तिनीहरूमा घुसाइदिए। मेरो बायाँको पाखुरामा डाक्टरहरूले धातुको पाटा घुसाइदिए र मेरो दायाँ खुट्टामा धातुको पातलो किला घुसाइदिए। सबभन्दा गम्भिर चोट त मेरो मेरुदण्डको थियो। डाक्टरहरूले मेरो गर्दनको पछाडिबाट मेरुदण्डलाई एकै ठाउँमा राख्न केही कुरा घुसाइदियो। मेरो मेरुदण्डको एक्सरे देखाएर त्यस डाक्टरले मलाई सुनाए, "तपाईंले यो एक्सरेलाई लिएर संसारको कुनै पनि डाक्टरलाई देखाउन सक्नुहुन्छ र मैले जे भनिरहेको छु तिनीहरूले पनि त्यही भन्ने छन्ः तपाईं मरेको मानिस हुनुहुन्छ। एक्सरेले भन्छ किन तपाईं मरेको छ वा तपाईंको कुमदेखि तलसम्म पक्षाघात भएको छ।"

दुई हप्तापछि फोर्च्युनेट र मलाई अस्पतालबाट घर पठाए। अनि हामीलाई दुई हप्तासम्म निरन्तररूपमा कडा फिजिकल थेरापी गऱ्यौं। छ हप्तासम्म हामी हिंड्न सिक्यौं। पहिलो पल्ट हामीले सुन्यौं कि त्यस दुर्घटनामा पाँच जना मानिसको मृत्यु भयो। एक जना युवा रक्सीको सुरमा द्रुतगतिमा कार हाँक्दै थियो र त्यसले हाम्रो र अरू कारहरमा ठोकेको थियो। पछि हामीले दुर्घटना ग्रस्त भएको कार देख्यौं। ती कारहरू एउटै खालका थिए। दुवै रातो होन्डा फिट। मेरो स्पीड मिटर ९० किलोमिटरको रफ्तारमा रोकेको थियो भने उसको १७० किलोमिटरको रफ्तारमा रोकेको थियो। हाम्रो कारमा रहेको महिला यात्रु त्यतिनै खेरा मरेकी थिइन् र अर्को दुई जना यात्रुहरू भोलीपल्ट मृत्यु भएको थियो। रक्सीको सुरमा कार हाँक्ने ड्राइभर र उसको साथमा रहकी महिला त्यतिनै बेला मरेका थिए। तिनीहरूको पछाडि बसेको मानिसलाई अस्पतालमा लगिएको थियो, तर ऊ मऱ्यो कि बाँच्यो हामीलाई अहिलेसम्म थाहा छैन। यो समाचारले फर्च्युनेट र मलाई ठूलो धक्का भयो। अचम्म तरिकाले परमेश्वरले हामीलाई बचाउनुभएको थियो। तर अचम्मको काम त्यहीँबाट सिद्धिएन। चार महिनापछि सोलुसी विश्वविद्यालयमा पास्टरीय कक्षामा सरिक भएँ।